मधेश प्रदेश सरकार

# उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

जनकपुरधाम, नेपाल

E-mail: info.moict@madhesh.gov.np

पत्र संख्या : २०८२/०८३
चलानी नं. : ३८९

मिति: २०८२/०९/१४

श्री उद्योग विभाग, विरगंज पर्सा,
श्री घरेलु तथा साना उद्योग कार्यालय(सबै),
मधेश प्रदेश ।

विषय:अनुमति लिनुपर्ने उद्योगको अनुमति तथा दर्ता गर्ने सम्बन्धम ।

उपरोक्त सम्बन्धमा उद्योग विभाग, त्रिपुरेश्वर काठमाण्डौको प.सं.२०८२/०८३/औ.ल.प्र.बोर्ड च.नं.५७५ मिति २०८२/०८/२९ गतेको प्राप्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोही अनुसार अनुमति लिनुपर्ने उद्योगहरूको अनुमति, दर्ता वा स्वीकृति नगर्न/नगराउन हुन आदेशानुसार अनुरोध छ। साथै उद्योग विभाग त्रिपुरेश्वर, काठमाण्डौको पत्र यसै साथ पाना थान २ संलग्न गरीएको छ ।

अजित कुमार महतो
नायव सुव्वा

त्रिपुरेश्वर, काठमाडौं
नेपाल।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
(औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको सचिवालय)

प.सं. २०८२/०८३/औ.ल.प्र.बोर्ड
च.नं. ५६५

मिति: २०८२।०८।१९

श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर, कोशी प्रदेश, नेपाल।
श्री उद्योग,वाणिज्य तथा पर्यटन मन्त्रालय, जनकपुरधाम, मधेश प्रदेश, नेपाल।
श्री उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश, नेपाल।
श्री उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश, नेपाल।
श्री उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, लुम्बीनि प्रदेश, नेपाल।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, नेपाल।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश, नेपाल।

मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
जनकपुरधाम, नेपाल
दर्ता नं. ८०४
दर्ता मिति २०८२/०९/१३

**विषय: अनुमति लिनुपर्ने उद्योगको अनुमति तथा दर्ता गर्ने सम्बन्धमा।**

मिति २०८२ असार २३ मा बसेको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको २४६औं बैठकबाट "औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१ मा उल्लिखित अनुमति लिनुपर्ने उद्योगहरूको स्थापना तथा सञ्चालनका लागि सोही ऐनको दफा २० मा उल्लेखित औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट अनुमति लिनुपर्ने व्यवस्था रहेको। प्रदेश सरकारका उद्योग क्षेत्र हेर्ने मन्त्रालय तथा निकायहरुले उद्योग प्रशासन सञ्चालन गर्ने क्रममा अनुसूची १ मा उल्लिखित अनुमति लिनुपर्ने उद्योगहरूको अनुमति तथा दर्ता सम्बन्धी कार्य गरेको विवरणहरु प्राप्त हुन आएको। तसर्थ, अनुमति लिनुपर्ने उद्योगहरूको अनुमति, दर्ता वा स्वीकृति प्रदान गर्ने कार्य प्रदेश सरकारका उद्योग क्षेत्र हेर्ने मन्त्रालय तथा निकायहरुबाट नगर्न नगराउन प्रदेश सरकारका सम्बन्धित मन्त्रालयलाई उद्योग विभागबाट पत्राचार गर्ने" भनी निर्णय भएको हुँदा उक्त बोर्डको निर्णय कार्यान्वयन का लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

संलग्न:
निर्णयको छाँयाप्रति – १ प्रति

२०८२।८।१९
(पशुपति बाबु पुरी)
निर्देशक

बोधार्थ:
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल।

एक्सचेन्ज: ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्स: ९७७-१-४२६१११२, इमेल: info@doind.gov.np, वेबसाइट: http://www.doind.gov.np

(क) **अनुमति लिनुपर्ने उद्योगको अनुमति तथा दर्ता गर्ने कार्य प्रदेशका मन्त्रालय/विभाग/कार्यालयहरूबाट नगराउने सम्बन्धमा प्रदेश मन्त्रालयहरूलाई पत्राचार गर्ने सम्बन्धमा।**

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१ मा उल्लिखित अनुमति लिनुपर्ने उद्योगहरूको स्थापना तथा सञ्चालनका लागि सोही ऐनको दफा २० मा उल्लेखित औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट अनुमति लिनुपर्ने व्यवस्था रहेको। प्रदेश सरकारका उद्योग क्षेत्र हेर्ने मन्त्रालय तथा निकायहरुले उद्योग प्रशासन सञ्चालन गर्ने क्रममा अनुसूची १ मा उल्लिखित अनुमति लिनुपर्ने उद्योगहरूको अनुमति तथा दर्ता सम्बन्धी कार्य गरेको विवरणहरु प्राप्त हुन आएको। तसर्थ, अनुमति लिनुपर्ने उद्योगहरूको अनुमति, दर्ता वा स्वीकृति प्रदान गर्ने कार्य प्रदेश सरकारका उद्योग क्षेत्र हेर्ने मन्त्रालय तथा निकायहरुबाट नगर्न नगराउन प्रदेश सरकारका सम्बन्धित मन्त्रालयलाई उद्योग विभागबाट पत्राचार गर्ने।